# कोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
स्वास्थ्य शाखा

मिति २०७७।९।१९

## औषधि खरीद सम्बन्धी दरभाउ अव्हानको १५ दिने सुचना ।

**प्रथम पटक सुचना प्रकाशित मिति..२०७७।०९।१९.......................गते.।**

यस कार्यालयको स्वीकृत कार्यक्रमानुसार आ.ब. २०७७।०७८का लागि औषधि खरद गर्नु परेको हुँदा इच्छुक योग्यता पुगेका सप्लायर्स वा कम्पनिहरु बाट देहायबमोजीम शर्तहरुको अधिनमा रही रीत पुर्वकको दरभाउ पत्र आव्हान गरीएको छ ।

१.दरभाउ पत्र फारम प्रथम पटक सुचना प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयमा रु १०००।-फिर्ता नहुनेगरी नगदी रसीद काटी यस कार्यालयको राजस्व शाखा बाट खरी दगर्न सकिने छ । दरभाउ पत्र खरीद गर्नकालागि निबेदकले अध्यबधिक नबिकरण गरीएको औषधि कारोबार सम्बन्धी औषधि ब्यबस्था बिभाग बाट लिइएको ईजाजत प्रमाण पत्र,स्थायी लेखा न.,मु.अ.करदाता प्र.पत्र., र आ.ब.०७६।०७७ को कर चुक्ता प्रमाण पत्र समेतको प्रमाणित प्रतिलिपि राखी निबेदन सँगै पेश गर्नु पर्नेछ ।

२.खरीद गरेको दर भाउपत्र फारम रित पुर्वक भरी प्रथम पटक सुचना प्रकाशीत मितिले १५दिन भित्र कार्यालय समय भित्र पेश गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउ पत्र भोली पल्ट १६औ.दिनको.२.००.बजे दरभाउ पत्रदाता वा निजको प्रतिनिधहरुको रोहबरमा यस कार्यालयकमा खोलिने छ । दरभाउ पत्र खोलिने दिन दरभाउ पत्र दाताहरु अनुपस्थित रहे पनि दरभाउ पत्र खोल्न बाधा पर्नेछैन ।

३. दरभाउपत्र बिकी गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्नगएमा उक्त कार्य बिदाको भोली पल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. दरभाउपत्रदाताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा केरमेट नहुनेगरी स्पस्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

५. प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रमा उल्लेख भएका आषधिका परिमाण कार्यालयको आवश्यक्तानुसार थप घट गर्न सकिनेछ ।

६. दरभाउपत्र दाताले धरौटी वापतको रकम रु.६००००.(साठी हजार) यस कार्यालयको मेगा बैंक लौकही शाखामा रहेको धरौटी खाता न. ०२२००१०११८९५७ मा दाखिला गरेको सक्कलै भौचर बा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा ९० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक ग्यारेन्टी (बिड बन्ड) सक्कलै पत्र दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

७. यस कार्यालय बाट सम्बन्धीत फर्मको नाममा बिकी भएको दरभाउपत्र फारम सम्पुर्ण रुपमा भरी नआएको तथा खरीद ऐन २०६३ र नियामबली २०६४ अनुसार रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८. औषधि मु.अ.कर भ्याट छुट बस्तु भएकोले मु.अ. कर समाबेश नगरीएको हँदा मु.अ. कर बाहेकको मात्र दररेट भर्नु पर्नेछ ।

९. दरभाउपत्र साथ बिश्वासयिन कम्पिनिका गुणस्तरीयुक्त औषधिहरु आफुले दिने ओषधिको नाम औषधि ब्यबस्था बिभागमा रजिष्टर्ड भएको हुनु पर्नेछ ।

१०. औषधि चरणबध वा आबश्यक्तानुसार उपलब्ध गराउनु पर्नेछ ।

११. दरभाउपत्रदाताले औषधि दिदा कार्यालयले निर्धारण गरेको समय सिमा भित्र बुझाउनु पर्नेछ ।

१२. यसमा उल्लेखित नभएका अन्यकुराहरु सार्बजानिक खरीद ऐन २०६३ र नियामाबली २०६४बमोजीम हुनेछ ।

खगेन्द्र गिरी

प्रमुख प्रशासकीय अधिकृत